सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८१/०५/०७ गतेको १७३औं बैठक

बैठक संख्या ३/१७३औं

आज मिति २०८१ भाद्र ०७ गते शुक्रबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको १७३औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख | |
| २ | श्री सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री ~~राजकुमार जोशी~~ मनोज थापा | वडा अध्यक्ष वडा नं. ५ (का.वा.) | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री तारानाथ लुइटेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | राजेन्द्र प्रसाद नेपाल | प्रशासन शाखा प्रमुख | |
| २ | पुष्पराज न्यौपाने | शाखा अधिकृत | |

सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८१/०५/०७ गतेको १७३औं बैठक

प्रस्तुत प्रस्तावहरु:

१. नियमित समिक्षा सम्वन्धमा।
२. गत आ.व. को वार्षिक समिक्षा सम्वन्धमा।
३. नङखेलमा निर्माणाधिन रंगशाला सम्वन्धमा।
४. क्रमागत योजनाहरुको म्यादथप सम्वन्धमा।
५. कार्यविधि सम्वन्धमा।
६. निगरानी निकायहरुको सुझाव कार्यान्वयन सम्वन्धमा।
७. विपद व्यवस्थापन सम्वन्धमा।
८. अस्पतालमा कार्यरत डाक्टर तथा ड्राईभरहरुको सेवा सुविधा सम्वन्धमा ।
९. विविध।

निर्णयहरु:

निर्णय नं. १. नियमित समिक्षा सम्बन्धमा:

कार्यपालिकाको १७२औं लगायत विगतका बैठकका निर्णयहरु कार्यान्विनयको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समिक्षा भयो साथै विगतका राम्रा पक्षको निरन्तरता दिने र कमजोरीहरु सुधार गर्ने।

निर्णय नं. २. गत आ.व. २०८०।०८१ को वार्षिक समिक्षा सम्बन्धमा:

गत आ.व. २०८०।०८१ को नीति कार्यक्रम योजना तथा सेवा प्रवाह र कार्य सम्पादनको समग्र वार्षिक प्रगति सम्बन्धमा विस्तृत समिक्षाको लागि मिति २०८१ भाद्र १६ गते गत आ.व. २०८०।०८१ को वार्षिक विकास योजना तथा कार्यक्रमहरुको कार्यान्वयको समग्र प्रगति समिक्षा कार्यक्रम आयोजना गर्न कार्यालयलाई निर्देशन दिने । साथै उक्त कार्यक्रम आयोजना गर्न कार्यालयमा स्थान अभाव रहेकोले सू.न.पा. वडा नं. ६ चुनदेवी स्थित भक्तपुर गेष्ट हाउसमा कार्यक्रम आयोजना गर्ने ।

निर्णय नं. ३. नङखेलमा निर्माणाधिन रंगशाला सम्बन्धमा:

यस नगरपालिकाको वडा नं. ९ नङखेल स्थित सार्वजनिक जग्गामा रङ्गशाला गर्ने यस नगरपालिकाको निर्णयानुसार प्रथम चरणमा घेरावार निर्माणको लागि न्युनतम रु. ४ करोड रकमको बोलपत्र आह्वान भएकोमा पछिल्लो समय सङ्घीय सरकारका विभिन्न निकायहरुबाट उक्त रङ्गशाला निर्माणको लागि लगानी गर्ने सम्बन्धमा चासो सहित छलफलहरु भइ रहेकोले सङ्घीय सरकारबाट ठूलो लगानी सहित वृहत रङ्गशाला निर्माण हुने अवस्थाको सम्भावनालाई दृष्टिगत गर्दै हाललाई नगरपालिकाबाट आह्वान भएको घेरावार निर्माणको बोलपत्र तत्काललाई स्थगित गर्ने ।

प्रमाणीकरण गर्ने:

प्रमाणीकरण गर्ने:
हस्ताक्षर:
दर्जा: